Gov.Regd. No. 95142/069/070 Pan.No.:605480379

Rautaha Technical College Pvt.Ltd.

रौताहा टेक्निकल कलेज प्रा.लि.

Estd.2069

Ref.No. २०८०/०८१

मिति: २०८१/०१/३० गते

श्री गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा ।

विषय: सहजिकरण गरि दिन हुन ।

प्रस्तुत विषयमा मधेश प्रदेश सरकार, खेलकुद तथा समाज कल्याण मन्त्रालय, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, जनकपुरधाम,धनुषाको वीत्तिय सहयोगमा यस रौताहा टेक्निकल कलेज प्रा.लि.सुनसरीले तपशिलमा वमोजिमको तालिम कार्यक्रम तहाँ पालिका क्षेत्र भित्र संचालन गर्ने भएको हुदा तालिमको प्रशिक्षार्थी भर्ना सम्बन्धि सुचना र आवेदन फारम यसै निवेदन साथ संलग्न राखी पठाईएकोले उक्त सूचना तहाँ पालिका र वडामा संप्रेषण र टाँस गरी प्रशिक्षार्थी छनौट कार्यमा सहयोग गरिदिन हुन सादर अनुरोध छ ।

**तपशिल**

| सि.नं. | तालिम विषय | तालिम अवधि | सहभागी संख्या | तालिम स्थान |
|---|---|---|---|---|
| १. | एक्साभेटर अपरेटर | १ महिना | २० जना | गोदार,धनुषा |

कृष्टिना थापा
कार्यकारी निर्देशक

# आँधी र बाढीका कारण अफगानिस्तानमा ७० जनाको मृत्यु

**काबुल, बैशाख २९ गते ।**
अफगानिस्तानको उत्तरी बाघलान र तखार प्रान्तमा शुक्रवार आएको आँधी र बाढीका कारण कम्तीमा ७० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् । बाघलानमा, प्राकृतिक दुर्घटना गोजरगाह-ए-नूर, जेलगाह, नहरिन, बगलान-ए-मरकाजी र बरका जिल्लाहरू, साथै प्रान्तीय राजधानी पुल-ए-खुमरी, प्रकोप व्यवस्थापन प्राधिकरणका प्रान्तीय निर्देशक हेदायतुल्लाह हमदर्दले बताएका हुन् ।
विदेशी सञ्चारमाध्यमहरूले संयुक्त राष्ट्रसंघको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सगठनलाई उद्धृत गर्दै बगलानमा २ सय भन्दा बढी व्यक्तिको मृत्यु भएको र हजारौं घरहरू ध्वस्त वा क्षति पुगेको बताएको छ । तखार प्रान्तको नामक अब, इश्कामिश, फरखार र काफगान जिल्लाहरूमा पनि आँधी र बाढीले २० जनाको ज्यान गएको र १४ जना घाइते भएको तखारको प्रकोप व्यवस्थापन प्राधिकरणका प्रमुख अहमद सर साजिदले शनिबार बताए ।
उनका अनुसार ३ सय घर, बिजुली र सञ्चार सेवामा गम्भीर क्षति पुगेको छ । अफगानिस्तानले गत महिनादेखि भारी वर्षा र बाढीको सामना गरिरहेको छ । -सिन्ह्वा

## दुर्गम गाउँमा रेडक्रसले...

छोरासगँ गएकी छैनन । यो शिविरसम्म आईपुग्न पनि उन्लाई झन्डै २ घण्टा लाग्यो । 'दिनभरी हिढेर अस्पताल जानुभन्दा २ घण्टा हिढेर नै जचाँउन पाईन्छ भनेर आएको,' उनले सुनाईन् ।
आँखा उपचारदेखि महिला प्रजनन स्वास्थ्यको चेकजाँच एकै ठाउँमा हुने भएपछी गर्दिखोला लागायत आशापाशाका झण्डै २ सय महिलाहरुले पाठेघर र आँखाको उपचार लिएका थिए । पाठेघर समबन्धी समस्या भएका मात्र ११७ जना सहभागी भएका थिए । जसमध्ये ३ जनाको अपरेसन गर्नुपर्ने अवस्था देखिएको चिकित्सकहरुले वताए ।
उनिहरुलाई बर्दिवासस्थित जनसेवा अस्पतालमा रिफर गरिएको रेडक्रस बर्दिवासका सभापती सुदिप कार्कीले बताए । त्यस्तै आँखा सम्बन्धी समस्या भएका २७० जना सहभागी मध्ये ९ जनाको मोतिबिन्दुको अपरेसन गर्नुपर्ने देखिएको छ । उक्त बिरामीहरुलाई रेडक्रस र बर्दिवास नगरपालिकाको नै आर्थिक सहयोगमा उपचार गरिने रेडक्रसका पुर्वसभापति मुकुन्द पौडेलले जानकारी दिए । न्युजकारखाना

## राजनीतिक गतिरोध हटाउन...

बुझे । युद्धरत माओवादीहरू, जो बलिदान दिन तयार थिए र दिए पनि, २०६२/६३ को आन्दोलनलाई अचुक अस्त्र ठाने । व्यवस्था मात्र होइन अवस्थाको पनि परिवर्तन चाहेका जनतालाई त्यही सङ्घीय गणतन्त्र नै जनवादी क्रान्ति सम्पन्न भएको बताइयो । तर शोषित, उत्पीडित, महिला, दलित, अपाङ्ग, सहिद परिवार र बेपत्ताको अवस्था बदलिएन । दक्षिणपन्थी अवसरवादी बाटो समातेको आरोप लगाएर माओवादीबाट धेरै घटक जन्मे । केही सच्चा क्रान्तिकारीहरू माओवादीको सत्ता मोहबाट परिचित हुँदै गए । ससदीय व्यवस्थाका विरुद्ध सङ्घर्षरत माओवादी नेतृत्व त्यही ससदीय खेलमा रमाइरहेको छ ।
निर्वाचन प्रणाली अनुसार समानुपातिक समावेशीबाट कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्तैन । त्यसकारण सरकार बनाउनका लागि साना दलहरूको महत्त्व ह्वात्तै बढेको छ । बहुमत नहुँदा साना दलहरूले खोँचे थापेर प्रमको दाबी गर्ने, मुख्यमन्त्री दाबी गर्ने प्रवृत्तिले राजनीतिक अस्थिरता जन्मने गरेको छ । जनताले दिएको मतमाथि साना दलहरूको क्रियाकलापले देशलाई विकास, समृद्धि र शासकीय स्वरूपलाई अरु भद्दा बनाइएको छ । विकास निर्माण, उद्योग, स्वास्थ्य, शिक्षा, रोजगारीका कुरा पछाडि परेका छन् । गठबन्धन कहिले तोडिने हो सायद प्रम वा विपक्षका नेता अनभिज्ञ छन् । गठबन्धन कुनै सिद्धान्त, विचार र राजनीतिक कुरा होइन, बरु सत्तामा टिकिरहने गलत राजनीतिक प्रवृत्ति हो । अपराधले डामिएका दल वा व्यक्तिहरूको ढाकछोप गरेर गठबन्धनलाई बचाउन जस्तोसुकै निरर्थक प्रयास भइरहेको छ । २०७९ पछि प्रचण्डले तीनपटकसम्म विश्वासको मत लिनु भनेको फेरबदल र उथलपुथलले देशको राजनीतिक स्थायित्व हुन सक्तैन ।
प्रत्येक क्षेत्र राजनीतिक प्रभावबाट प्रेरित देखिन्छन् । सर्वोच्चको कोशीको निर्णय गण्डकीमा लागु हुन्न, त्यहाँको निर्णयमा राजनीतिक गन्ध आउँछ । नजिरले भने काम गर्न सकेको देखिन्न । जबसम्म स्वतन्त्र न्यायालय हुन्न राजनीतिक कोर्स पनि जटिलतातिर जाने पक्का छ । स्वतन्त्र परराष्ट्र नीति अवलम्बन नगरी चीन, भारत वा अन्य मुलुकसँगको सम्बन्धलाई राजनीतिक रूपमा प्रयोग गर्नु देश र जनताका पक्षमा हुँदैन । राष्ट्र, राष्ट्रियता र सार्वभौमिकता राजनीतिक दलालीका कारण सङ्कटमा छ । विशेष गरेर भारतसँगको सम्बन्धलाई नेपालका सत्ताधारीहरू विशेष रूपमा हेर्छन् । भारत जाँदा पुच्छर लुकाएर जाने नेतृत्व फर्कदा पुच्छर ठाडो पारेर फर्कन्छ र भन्छ– आफ्नो दल र सरकारप्रति भारतको समर्थन छ, तर भारतले नेपाललाई सधैं ब्रिटिस औपनिवेशिक चस्माले हेर्नै गर्छ ।
सीमा विवाद (मूलत: कालापानी) बारे भारतीय हस्तक्षेपलाई नेपालले कुरै उठाउन सक्तैन । जनताबाट भारतीय हस्तक्षेपको विरोध गरे भने त्यसैलाई भारतको विरोध वा 'राष्ट्रवाद' भन्ने गरिन्छ । नेपालमा भएको अस्थिर राजनीतिक र भारतीय स्वार्थका कारण भारत सधैं नेपालमाथि हाबी हुँदै आएको छ । डा. भेषबहादुर थापाका अनुसार भारतीयहरू हाम्रा सबै नेताहरूको जन्मकुण्डली लिएर बसेका हुन्छन् । त्यसकारण नेपाल सधैं राजनीतिक गतिरोधबाट गुज्रिरहेको छ । गतिरोध अन्त्यका लागि दलहरूले निम्न कार्य गर्न आवश्यक देखिन्छ । रातोपाटी


## सूचना ! सूचना !! सूचना !!!

**मधेश प्रदेश सरका खेलकुद तथा समाज कल्याण मन्त्रालय, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, जनकपुरधाम धनुषाको वित्तीय सहयोगमा रौताहा टेक्निकल कलेज प्रा.लि.द्वारा आ.व.०८०।०८१ को मिति २०८०/०२/०८ देखि संचालन हुन लागेको नि:शुल्क निम्न विषयको तालिम सिक्न चाहने ईच्छुक नेपाली नागरिकहरुले तपसिल बमोजिमका कागजातहरुका साथ आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| सि.न | तालिमको विषय | अवधी | योग्यता | तालिम संचालन हुने केन्द्र | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|
| १ | एक्साभेटर अपरेटर | १ महिना | साधरण लेखपढ | कदमहा, सप्तरी ४० जना | कृष्टिना थापा ९८६१४२४३३६ |
| | | | | गोदार,धनुषा २० जना | प्रमोद चौधरी ९८१५८६९९८५ |
| | | | | बर्दिवास,महोत्तरी ४० जना | युन्छोहाङ्मा लिम्बु ९८६७०८२८८४ |

**आवश्यक कागजातहरु** :- **नागरिकता प्रमाण पत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको फोटो**
**उमेर** :- **१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।**
**फाराम भर्ने अन्तिम मिति** :- **२०८१।०२।०५ गते**
**अन्तरवार्ता मिति** :- **२०८१।०२।०६ गते**
**सम्पर्क व्यक्ति र फोन नं.** :- **कृष्टिना थापा, ९८६१४२४३३६**
**तालिम शुरु मिति** :- **२०८१।०२।०८ गते**

*नोट* : **आवश्यक कागजात सहित निवेदन लेखि निम्न ठेगानामा ईमेल मार्फत पनि आवेदन दिन सकिनेछ ।**
Email : rtc2069@gmail.com


# आमाबाबु बन्दै गायक जस्टिन र हेली

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, बैशाख २९ गते ।**




क्यानेडियन गायक जस्टिन बिबर र उनकी श्रीमती हेली पहिलो सन्तानको अभिभावक बन्ने भएका छन् । जोडीले एक भिडियो र तस्बिर इन्स्टाग्राममा शेयर गर्दै आफूहरू आमाबाबु बन्न लागेको जानकारी दिएका हुन् । तस्बिर र भिडियोमा २७ बर्सिया हेलीलाई सेतो लेस पहिरनमा देख्न सकिन्छ । उनीहरूलाई अमेरिकी रियालिटी स्टार किम कार्दासियन र मोडल गिगी हदिदले इन्स्टाग्राममार्फत बधार्य दिएका छन् । हेली र ३० वर्षे जस्टिनले सन् २०१८ मा न्यूयोर्कमा निजी समारोहमा विवाह गरेका थिए । भिडियोमा दुवैलाई रोमान्टिक भावमा चुम्बन गर्दै गरेको देख्न सकिन्छ । हेलीका प्रतिनिधिले हेली ६ महिनाको गर्भवती रहेको बताएका छन् । हेली अभिनेता स्टेफेन बेल्डविनकी छोरी हुन् । १३ वर्षमा गायक बनेका जस्टिन गीत 'बेबी', 'लभ मी' र 'यमी'का कारण विश्वमाझ चर्चित बने । हेली स्किनकेयर लाइन रोधेकी संस्थापक हुन् । गत वर्ष रामसे हन्ट नामक अनुहारको पक्षाघात हुने रोगका कारण जस्टिनले विश्वव्यापी गर्न लागेको 'जस्टिस' टुर रद्द गर्नु परेको थियो । एजेन्सी

## मधेसमा कर्मचारी पदस्थापनमा...

दबाब रहेको स्रोतको दाबी छ । उनी निकट निर्देशनालयका निर्देशकसहित केही कर्मचारी छन् । त्यही कारण नायकलाई पदस्थापन गर्नुको साटो वर्तमान निर्देशक झालाई मुख्यमन्त्री यादवले दोहरो जिम्मेबारी पनि दिएको स्रोतको दाबी छ ।
नायकको बढुवा भइसकेको अवस्थामा निर्देशक झालाई महोत्तरीको जलेश्वर प्रादेशिक अस्पतालको मेडिकल सुपरिटेन्डेन्टमा गत माघ महिनामा मुख्यमन्त्री कार्यालयले दोहारो जिम्मेवारी दिएको थियो । जबकि एक जिल्ला बाहिर दोहरो जिम्मेवारी दिनु कानुनविपरीत हो । 'मुख्यमन्त्रीजीलाई पार्टी अध्यक्ष समेत रहेका उपेन्द्र यादवको दबाब छ ।
निर्देशनालयका निर्देशकसहित केही कर्मचारी उनकै निकट छन् । नायकको पद निर्देशक र त्यो पनि निर्देशनालयमै मात्र छ । नायकको पदस्थापनले झालाई हट्नु पर्ने बाध्यता छ,' स्रोत भन्छ । 'उल्टै झालाई जिल्ला बाहिर कानुनविपरीत मुख्यमन्त्रीजीले प्रादेशिक अस्पतालको मेसुको पनि जिम्मेबारी दियो ।'
तर, मुख्यमन्त्री यादव उपेन्द्र यादवको दबाबमा बढुवा भएका नायकलाई पदस्थापन नगरेको कुरामा सत्यता नरहेको दाबी गर्छन् । 'त्यस्तो केही कुरा छैन । श्रवण नायकको पोस्टिङ हुन्छ,' मुख्यमन्त्री यादवले भने ।
डा.झालाई दोहरो जिम्मेवारीको विषयमा भने मुख्यमन्त्री यादवले परिस्थिति अनुसार दोहोरो जिम्मेवारी दिन मिल्ने बताए ।
त्यहाँका मेसुले सरुवा मागेपछि झालाई दोहोरो जिम्मेवारी दिएको उनको भनाइ छ । गत पुस महिनासम्म जलेश्वर अस्पतालका मेडेडिकल सुपरिटेन्डेन्ट डा.मुरारी ठाकुर थिए ।

**मेसु डा.वर्षामाथि पनि झेल**

मधेश सरकारको स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत जनकपुर प्रादेशिक अस्पतालमा कार्यरत मेडिकल अधिकृत (आठौं तह) डा.वर्षा प्रकाश माघ दोस्रो साता बढुवा भइन् ।
मधेश प्रदेश लोकसेवा आयोगको विज्ञापन अनुसार मुख्यमन्त्री कार्यालयको सिफारिसमा मेडिकल सुपरिटेन्डेन्ट (नवौं तह)मा बढुवा भएकी थिइन् वर्षा प्रकाश ।
बढुवापछि पहिलो पदस्थापन मुख्यमन्त्री कार्यालयबाट प्रादेशिक अस्पताल जलेश्वरमा भयो । गत फागुन १३ गते हाजिर भएकी डा.वर्षा प्रकाश एक महिना पनि टिक्न सकिनन् ।
उनको भनाइमा प्रादेशिक अस्पताल जलेश्वरकी विकास समिति अध्यक्ष मिनु झाले बस्न दिइनन् ।
'विकास समिति अध्यक्षले मलाई कामै गर्नु दिनुभएन । म पुगेपछि मेसुको क्वाटरमा ताल्चा लगाइदिनु भयो । मेसुको गाडी आफै चढिराख्नु भएको थियो । अनेक दु:ख दिएपछि म झगडा गर्ने अवस्थामा नगएर एक महिनामै म रिर्टन आएँ,' डा.वर्षा प्रकाशले त्यसबेला भएको व्यवहार सुनाइन् ।
यो कुरा मुख्यमन्त्रीलगायत उपल्लो तहमा सबैलाई जानकारी गराए पनि कसैले केही नगरेको उनको गुनासो छ । यो विषयमा डा. वर्षा प्रकाश मुख्यमन्त्री कार्यालय कतिपटक पुगेर गुहार गरेकी थिइन् । तर, मुख्यमन्त्रीले केही नगरेको त्यहाँका कर्मचारीहरु सुनाउँछन् ।
यता जलेश्व अस्पतालकी विकास समिति अध्यक्ष मिनु झाले डा. वर्षा प्रकाश अख्तियारी लिएर नआएको र आउने बितिकै क्वाटर, गाडी खोजेर विवाद गर्न खोजेको र काम गर्न भन्दा आफै सरुवा गराएको दाबी गरिन् ।
'मेसु भएको अख्तियारी लिएर आउनुभएन । आउने बितिकै क्वाटर, गाडी खोज्नु भयो । क्वाटर दिए पनि । मेसु त मैले बनाइदिने होइन । आफै काम गर्न नचाहेर जानुभयो,' उनले भनिन् ।
अहिले डा. वर्षा प्रकाश फर्केर मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमै हाजिर भइरहेकी छन् । डा.प्रकाश भन्छिन्, 'यहाँ सबैलाई सबै कुरो थाहा छ । तर कसैले केही गर्दैन । बोल्दैन । सबै ठाउँमा उनीहरुको मान्छे छन् ।'
मिनु झा जसपाकी नेतृ हुन् । अझैसम्म जलेश्वर अस्पतालमा निर्देशनालयका निर्देशक रहेका झा मेसुमा कायम छन् ।
निर्देशनालयका निर्देशक झाले जलेश्वर नजिक भएकाले आफूलाई अन्य जिल्लामा पनि दोहरो जिम्मेवारी दिएको बताए । गत वर्ष पनि मुख्यमन्त्री सरोज यादवले वरिष्ठ कर्मचारीलाई पाखा लगाएर डा. झालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निमित सचिवको जिम्मेबारी क्याबिनेटबाट दिएका थिए ।
आलोचना हुन थालेपछि केही दिनपछि पुन: झा भन्दा वरिष्ठ तत्कालीन प्रादेशिक अस्पतालका निर्देशक (एघारौं तह) डा. प्रमोद यादवलाई सचिव बनाएका थिए । मुख्यमन्त्री कार्यालयमा कर्मचारी बढुवा, सरुवामा मुख्यमन्त्री यादवले आफ्नो स्वार्थ अनुसार मनपरी गर्ने गरेको विगतका घटनाक्रमहरु पनि सार्वजनिक भइसकेको छ । जसले पीडित कर्मचारी महिनौ भौतारिने र अदालत सम्म पुग्ने गरेका छन् ।




# खर्गा दाँत उपचार केन्द्र
## अव काठमाडौं जानु नपर्ने
## डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

➢ **हामी कहाँ नै किन ?** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचार भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, बाहिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।

**यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।**

**डाक्टर भेट्ने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।**

**खर्गा दाँत उपचार केन्द्र**

सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
# जनकपुरधाम, धनुषा

फोटो

दर्ता नं. :-

मितिः–

## प्रशिक्षार्थी भर्ना आवेदन फारम

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र जनकपुरधाम, धनुषाको बित्तीय सहयोगमा **रौताहा टेक्निकल कलेज प्रा.लि. सुनसरी**.द्वारा आ.व.०८०।०८१ मा ......................................... जिल्लाको ......................................................... न.पा./ गा.पा मा केन्द्र राखी सञ्चालन हुन लागेको **निः शुल्क स्काभेटर अपरेटर/डोजर** तालिममा सहभागी भई भाग लिन इच्छुक भएकोले आफ्नो व्यक्तिगत विवरण सहित यो निवेदन पेश गरेको छु ।

### व्यक्तिगत विवरण

१) नामः...........................................................Name.........................................................

वर्ग भए ☐ दलित ☐ जनजाति, ☐ द्वन्द्वपिडीत, ☐ विस्थापित, ☐ अपाङ्ग चिन्ह (√) लगाउने ।

२) जन्म मितिः...............................

३) नागरिकता नम्बर र नागरिकता प्राप्त गरेको जिल्ला............................................ जारी मिति.........................

४) ठेगानाः-

(क) स्थायी :- प्रदेश-......................जिल्ला...........................................

न.पा/ गा.पा............................................वडा नंः-................ टोल.............................

फोन नं...................................................

(ख) अस्थायी : प्रदेशः-..........................जिल्ला...........................................

न.पा/ गा.पा...............................वडा नंः-............................... टोल................................

फोन नं...................................................

५) पिता को नामः..................................................................................................

६) विवाहित महिला भए पतिको नामः......................................................................

७) शैक्षिक योग्यता :...........................................................................................

८) यस कार्यालयबाट सञ्चालन भई आएको कुनै तालिम लिएको भए विषय खुलाउने.....................................

९) यस विषय बाहेक अर्को विषयमा तालिमको लागि आवेदन गरेको भए विषय खुलाउने............................................

१०) मैले उल्लेखित तालिम लिने अवसर पाएको खण्डमा बीच अवधिमा तालिम छोडने छैन । छोडेमा तालिम खर्च असुल उपर गर्न मन्जुर छ ।

माथि उल्लेखित व्यक्तिगत विवरण ठीक साँचो हो साथै यस कार्यालय द्वारा सञ्चालित तालिमको नियमानुसार अनुशासनमा रही आफनो विषयको तालिम हासिल गर्ने छु अन्यथा कार्यालयको नियमानुसारको कारवाहीको लागि मन्जुरी छ ।

-----------------------

आवेदकको दस्तखत